# उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५

विद्यालय शिक्षाका राष्ट्रिय परीक्षा (कक्षा १०, ११ र १२) को नतिजा प्रकाशनपश्चात परीक्षार्थीले प्राप्त गरेको कुनै विषयको प्राप्ताङ्क वा ग्रेडमा चित्त नबुझाएमा सम्बन्धित परीक्षार्थीको मागअनुसार पुनः परीक्षणको कार्यलाई सहज बनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १९२ (घ) अनुसार यो निर्देशिका निर्माण गरी लागू गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "उत्तरपुस्तिका पुनः परीक्षण निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले राष्ट्रिय परीक्षा बोर्ड सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा (४) को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "पुनः परीक्षण" भन्नाले नियमित प्रक्रियाबाट नतिजा प्रकाशन भएपश्चात पुनर्योगको नतिजा र उत्तरपुस्तिका हेर्दासमेत परीक्षार्थीले चित्त नबुझाएमा तोकिएको शुल्क तिरी यो निर्देशिकाको दफा (५) बमोजिम हुने तीनजना विज्ञहरूबाट गरिने परीक्षणलाई सम्झनुपर्दछ ।

३. **पुनः परीक्षणका लागि निवेदन दिनुपर्ने :** (१) परीक्षाको नतिजा प्रकाशनपश्चात प्राप्त गरेको कुनै विषयको प्राप्ताङ्क वा ग्रेडमा चित्त नबुझाएमा सम्बन्धित परीक्षार्थीले पुनः परीक्षणका लागि तोकिएको दस्तुर तिरी पुनः परीक्षणका लागि निवेदन दिन सक्ने छ । यसरी निवेदन दिने परीक्षार्थीले निवेदनका साथ आफू अध्ययन गरेको विद्यालयको सिफारिस समेत पेस गर्नुपर्नेछ । तोकिएको सर्त पालना गरी तोकिएको शुल्क र आवश्यक विवरणसहित बोर्डमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने परीक्षार्थीले पुनः परीक्षणका लागि निवेदन दिनु पूर्व पुनर्योगका लागि निवेदन दिएको हुनुपर्नेछ । पुनर्योगको लागि निवेदन दिएको विषयको प्राप्ताङ्क वा ग्रेड उपर चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले पुनर्योगको नतिजा प्रकाशन भएको १५ दिनभित्र फोटो र परीक्षाको प्रवेशपत्रको सक्कल प्रति अनिवार्य रूपले संलग्न गरी तोकिएको दस्तुर तिरी उत्तरपुस्तिका हेर्नका लागि निवेदन दिनुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम उत्तरपुस्तिका हेर्नका लागि निवेदन दिएपश्चात बोर्डले तोकेको विषयगत विज्ञको उपस्थितिमा अभिभावकसहित सम्बन्धित परीक्षार्थीले उत्तरपुस्तिका हेर्न सक्नेछन् । यसरी उत्तरपुस्तिका हेर्दा उत्तरपुस्तिकाको प्रतिलिपि माग्न, क्यामेरा वा मोवाइल फोनबाट तस्विर खिच्न पाइने छैन ।

४. **समिति गठन गर्ने :** (१) दफा (३) बमोजिम पर्ने निवेदनको कारवाही किनारा लगाउन बोर्डको निर्देशन र नियन्त्रणमा रहने गरी देहायको समिति गठन हुनेछ :

(क) बोर्डको निर्णयबाट तोकिएको एकजना बोर्ड सदस्य -संयोजक

(ख) बोर्डका अध्यक्षबाट मनोनित **परीक्षा** विज्ञ - सदस्य

(ग) बोर्डका परीक्षा नियन्त्रण कार्यालयका नियन्त्रक -सदस्यसचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै बनाउने छ । समितिका सदस्यलाई बोर्डका सदस्य सरह बैठक भत्ता उपलब्ध हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले प्राप्ताङ्क उपर चित्त नबुझेका विषयका उत्तरपुस्तिका पुन: परीक्षण गराउन वोर्डका अध्यक्षको स्वीकृतिमा परीक्षण तथा सम्परीक्षणमा सहभागी नभएका विषय विज्ञको नामावली तयार गर्नेछ ।

(४) समितिले तयार गरेको विषयगत पुन: परीक्षक सूचीबाट प्रत्येक विषयका लागि तीन जनाको नाम अध्यक्ष समक्ष सिफारिस गर्नेछ ।

(५) समितिले सिफारिस गरेका विषयविज्ञहरूलाई बोर्डका अध्यक्षले नियुक्त गर्नेछ ।

५. **पुन: परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरु :** (१) विषय विज्ञ सूचीमा सूचीकृत तीन जना विषय विज्ञबाट प्रत्येक उत्तरपुस्तिका पुन: परीक्षण गर्नुपर्ने छ ।

(२) उत्तरपुस्तिका पुन: परीक्षण गर्ने विषय विज्ञहरुले आफूलाई प्राप्त सम्पूर्ण उत्तरपुस्तिका तोकिएको निर्देशन, प्रश्न पत्र, उत्तरकुञ्जिकाका आधारमा त्रुटिरहित हुने गरी परीक्षण गर्नु पर्नेछ ।

(३) पुन : परीक्षणका लागि उत्तरपुस्तिका विज्ञहरुलाई उपलब्ध गराउँदा सम्बन्धित उत्तरपुस्तिकाको बाहिरी पृष्ठ (कभर पेज) बाहेक अन्य पृष्ठ कम्तीमा तीन प्रतिका दरले प्रतिलिपि निकाली सम्बन्धित विषयका विज्ञद्वारा अलग अलग परीक्षण गराइने छ ।

(४) उत्तरपुस्तिका पुन: परीक्षणमा केही दुविधा भएमा समितिसँग परामर्श लिनुपर्ने छ । समितिले आवश्यकतानुसार बोर्डको अध्यक्षको सहमति लिई दुविधाको निराकरण गरी पुन: परीक्षण गराउनु पर्नेछ ।

(५) विषय विज्ञले पुनः परीक्षणबाट कायम हुन आएको प्राप्ताङ्कलाई पुष्ट्याईसहित प्रमाणित गर्नुपर्ने छ ।

(६) तीन जना विषय विज्ञबाट आएको अङ्कलाई समितिले पुनः यकिन गरी प्रमाणित गर्नुपर्ने छ । अलग अलग विज्ञद्वारा प्रदान गरिएको प्राप्ताङ्कलाई योगफल निकाली तीनले भाग गरिनेछ । यसरी प्राप्त हुने औसत प्राप्ताङ्कलाई परीक्षार्थीले प्रारम्भमा प्राप्त गरेको प्राप्ताङ्कसँग तुलना गरिनेछ ।

(७) सुरुमा प्राप्त गरेको प्राप्ताङ्कलाई पुनः परीक्षणबाट प्राप्त औसत प्राप्ताङ्कसँग तुलना गर्दा दस प्रतिशतभित्रको परिवर्तन पाइएमा सुरु परीक्षणबाट प्राप्त गरेको प्राप्ताङ्क वा ग्रेडलाई नै परीक्षार्थीको वास्तविक प्राप्ताङ्क वा ग्रेड मानिनेछ । तर ग्रेड परिवर्तन हुने अवस्था आएमा पुनः परीक्षणको प्राप्ताङ्क कायम गरी परिवर्तित ग्रेड कायम गरिने छ ।

(८) सुरुमा प्राप्त गरेको प्राप्ताङ्कलाई पुनः परीक्षणबाट प्राप्त औसत प्राप्ताङ्कसँग तुलना गर्दा दस प्रतिशत वा सोभन्दा बढी फरक परेमा पुनः परीक्षणबाट प्राप्त भएको प्राप्ताङ्क वा ग्रेडलाई नै परीक्षार्थीको वास्तविक प्राप्ताङ्क वा ग्रेड मानिनेछ ।

(९) विज्ञबाट प्राप्त औसत अङ्कसहितको नतिजालाई प्रमाणीकरण गरी समितिले बोर्डमा पेस गर्नेछ ।

(१०) समितिले पेस गरेको नतिजालाई बोर्डले नियमानुसार नतिजा प्रकाशन गर्नेछ ।

७. **उत्तरपुस्तिका पुनः परीक्षण सम्बन्धी सर्तहरु :** (१) उत्तरपुस्तिकाको परीक्षक, सम्परीक्षक तथा पुनः परीक्षकको नाम हेर्न वा माग्न पाइने छैन । एकपटक पुनः परीक्षण भएको उत्तरपुस्तिका फेरि पुनः परीक्षण हुने छैन ।

(२) पुनर्योग र उत्तरपुस्तिका हेर्नका लागि निवेदन नदिएका परीक्षार्थीले उत्तरपुस्तिका पुनः परीक्षणका लागि निवेदन दिन पाउने छैनन् ।

(३) पुनर्योग र उत्तरपुस्तिका हेर्नका लागि निवदेन नदिएको विषयको उत्तरपुस्तिका पुनः परीक्षणका लागि निवेदन लिइने छैन ।

(४) पुनः परीक्षणपश्चात प्राप्त भएको प्राप्ताङ्कलाई सार्वजनिकीकरण गर्ने, पहिलाको अङ्कसँग तुलना गर्ने वा अन्य निकायमा उजुरी गर्न पाइने छैन ।

(५) उत्तरपुस्तिका पुनः परीक्षणका लागि बोर्डले तोकेको कबुलियतनामा सम्बन्धित परीक्षार्थी र निजका अभिभावकले हस्ताक्षर गरेर पेस गर्नुपर्ने छ ।

८. **उत्तरपुस्तिका पुनः परीक्षणका लागि दस्तुर बुझाउनु पर्ने :** यस निर्देशिका बमोजिम उत्तरपुस्तिका पुनः परीक्षण गर्न चाहने परीक्षार्थीले प्रति विषय बोर्डले तोके अनुसारको दस्तुर बुझाउनु पर्ने छ ।

९. **दण्ड सजाय :** (१) यस निर्देशिका बमोजिम उत्तरपुस्तिका पुनः परीक्षण गर्दा सुरु परीक्षणको प्राप्ताङ्क र पुनः परीक्षणको औसत प्राप्ताङ्कबीच दस प्रतिशत वा सो भन्दा बढी फरक पर्न गएमा बोर्डले सम्बन्धित उत्तरपुस्तिका परीक्षक तथा सम्परीक्षकलाई प्रथम पटक भए सचेत गराउने र दोस्रो पटक भए कालो सूचीमा राख्ने छ । यस्तो कालो सूचीमा परेका परीक्षक तथा सम्परीक्षकलाई विभागीग कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउने छ ।

(२) उपदफा (१) बमोजिम कालो सूचीमा परेको परीक्षकलाई बोर्डबाट पाँच वर्षसम्म कक्षा १०, ११ र १२ को परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गर्न दिइने छैन ।

१०. **सङ्क्रमणकालीन व्यवस्था :** (१) वि.सं. २०७५ साल असोज २० गते प्रकाशित कक्षा ११ को नतिजाका हकमा पुनर्योगका नतिजा प्रकाशन भएको १५ दिनको समय सकिए पनि निर्देशिका स्वीकृत भएको मितिको भोलिपल्ट बोर्डले सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने छ र सो सूचना प्रकाशन भएको मितिले १५ दिन अवधि कायम हुनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका सन्दर्भमा पुनर्योगका लागि निवेदन नदिएकाहरुले उत्तरपुस्तिका पुनः परीक्षणका लागि निवेदन दिन पाउने छैनन् ।

११. **बाधा अड्काउ फुकाउने अधिकार :** यस निर्देशिकामा कुनै बाधा अड्काउ पर्ने आएमा वा यो निर्देशिकामा उल्लेख नभएका विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा बोर्डको सिफारिसमा मन्त्रालयले निर्णय गरेबमोजिम हुनेछ ।